दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५२ | बुटवल | २०८२ फागुन ०३ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday February 15, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# रोजगारीका लागि सीपमूलक तालिम उपलब्धिमूलक बन्दै





बुटवल । सीप विकास, स्वरोजगार प्रवर्द्धन र रोजगारी सृजन(लाई केन्द्रमा राख्दै बुटवल उप-महानगरपालिकाले पछिल्ला वर्षहरूमा सञ्चालन गरेका कार्यक्रम प्रभावकारी बन्दै गएका छन् । नगरप्रमुख र उप-प्रमुखको नाममा सञ्चालन गरिएका उद्यम तथा स्वरोजगार कार्यक्रमहरूले महिला र युवालाई आत्मनिर्भर बनाउने दिशामा उल्लेखनीय उपलब्धि हासिल गरेको तथ्यांकले देखाएको छ ।

महिला, बालबालिका तथा समावेशीकरण शाखामार्फत् आव २०८०/०८१ देखि आव २०८२/०८३ को पहिलो ६ महिनासम्म सञ्चालन भएका कार्यक्रमहरूमा सयौं महिलाले सीपमूलक तालिम प्राप्त गरेका छन् । आव २०८०/०८१ मा २० जना सडक बालबालिकाको उद्धार गरिएको थियो । सोही वर्ष उप-प्रमुख आत्मनिर्भर उद्यम विकास कार्यक्रमअन्तर्गत १५ जनालाई वारिष्टा तालिम प्रदान गरिएको थियो भने ८८ जनालाई जुत्ता-चप्पल बनाउने, २५ जनालाई फेशन डिजाइन, २५ जनालाई बच्चाको दौरा-सुरूवाल तथा ब्लाङ्केट सेट बनाउने तालिम दिइएको थियो । नगरप्रमुख गृहिणी महिला स्वरोजगार तालिम कार्यक्रमअन्तर्गत ३१ जनालाई अचार बनाउने र ८७ जनालाई धुप बनाउने तालिम प्रदान गरिएको थियो ।

आव २०८१/०८२ मा कार्यक्रमको दायरा अझ विस्तार भएको देखिन्छ । यस वर्ष १२ जना सडक बालबालिकाको उद्धार गरिएको छ । उप-प्रमुख आत्मनिर्भर महिला उद्यम विकास कार्यक्रमअन्तर्गत २५ जनालाई मन्टेश्वरी, २५ जनालाई आधारभूत ब्युटिसियन, २५ जनालाई एडभान्स फेशन डिजाइन र ५० जनालाई एडभान्स सिलाइ-कटाइ तालिम प्रदान गरिएको थियो । नगरप्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रमअन्तर्गत २९७ जनालाई बटुवा धुप, ५५ जनालाई चुरापोते टिका, ९५ जनालाई जुत्ता-मखमली चप्पल, ९३ जनालाई साबुन-सरफ-फिनेल, २५ जनालाई केक बेकरी तथा २६ जनालाई ऊनको स्वीटर बनाउने तालिम प्रदान गरिएको थियो । चालु आव २०८२/०८३ को पहिलो ६ महिनामै ७२ जनालाई धुप बनाउने र २६ जनालाई स्वीटर बनाउने तालिम दिइसकिएको छ भने तीन जना सडक बालबालिकाको उद्धार गरिएको छ ।

यससँगै श्रम तथा रोजगार प्रवर्द्धन शाखाले २०७९ यता युवालाई लक्षित गर्दै सीप विकास र रोजगारी प्रवर्द्धन कार्यक्रमलाई तीव्रता दिएको छ । परम्परागत सीप प्रवर्द्धनअन्तर्गत २२ जनालाई जुत्ता बनाउने तालिम र ११ जनालाई आरन स्तरोन्नतिका लागि उपकरण वितरण गरिएको छ । मेयर युवा उद्यम तथा रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत एडभान्स ब्युटिसियन, बारिस्टा, टायल तथा मार्बल, एसी-फ्रिज मर्मत, अडियो-भिडियो/ड्रोन, कम्प्युटर हार्डवेयर तथा मोबाइल मर्मतलगायतका तालिममार्फत् ३ सय ५५ युवालाई सीप प्रदान गरिएको छ । चालु आर्थिक वर्षमा ८ वटा तालिम कार्यक्रमका लागि करिब ८ सय आवेदन परेकोमा छनोटपछि २ सय १० जनाका लागि तालिम सञ्चालनको प्रक्रिया अगाडि बढेको जनाइएको छ ।

कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रमअन्तर्गत १९ वटै वडामा २६ योजना सञ्चालन गरी करिब ५ सय ७० जनालाई ३० देखि ५२ दिनसम्म रोजगारी प्रदान गरिएको छ । यसबाट ६ हजार दिनभन्दा बढी रोजगारी सिर्जना भएको तथ्याङ्क छ । तीन वर्षको अवधिमा रोजगार मेला तथा अन्तरसंवाद कार्यक्रममार्फत् २ सयभन्दा बढी व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । रोजगारी सृजनाका लागि जब पोर्टल विकास गरी बेरोजगार र रोजगारदातालाई अनलाइनमार्फत् जोड्ने प्रक्रिया पनि सुरु गरिएको छ ।

सुरक्षित वैदेशिक रोजगार सचेतना कार्यक्रममार्फत् ३ हजार भन्दा बढी व्यक्तिलाई परामर्श प्रदान गरिएको छ भने आप्रवासी उपस्रोत केन्द्रमार्फत् १८ हजारभन्दा बढी सेवाग्राहीले सेवा लिएका छन् । वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि पुनःएकीकरण कार्यक्रमअन्तर्गत १ सय २४ जनालाई व्यवसाय दर्ता, उद्यमशीलता विकास र बजारीकरणसम्बन्धी तालिम प्रदान गरिएको छ । वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग वा ठगीमा परेकाहरूलाई करिब २ करोड रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय गरिएको जनाइएको छ ।

### सीपमूलक तालिम लिएका ५९ प्रतिशतभन्दा बढी रोजगारीमा

स्थानीय तहद्वारा सञ्चालन गरिएका विभिन्न सीपमूलक तथा व्यावसायिक तालिम कार्यक्रम प्रभावकारी देखिएका छन् । आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्म सञ्चालन गरिएका ९ वटा तालिम कार्यक्रममा सहभागी १७५ जनामध्ये १०४ जनाले उद्यम सञ्चालन वा रोजगारी प्राप्त गर्न सफल भएको तथ्याङ्क सार्वजनिक गरिएको छ । रोजगार शाखाका अरबिन्द पाण्डेका अनुसार तालिमपछि करिब ५९ प्रतिशत सहभागी प्रत्यक्ष रूपमा रोजगारी वा स्वरोजगारमा आबद्ध भएका छन्, जुन उल्लेखनीय उपलब्धि हो ।

आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिएको टायल मार्वल लगाउने तालिममा २० जनामध्ये १३ जना रोजगारीमा संलग्न भएका थिए । त्यसैगरी २०८०/०८१ मा सञ्चालन गरिएका बेसिक कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङ, बारिस्टा, एसी तथा फ्रिज मर्मत र मोबाइल रिपेयर तालिमबाट पनि उल्लेखनीय संख्यामा सहभ(ागीहरू रोजगारीमा जोडिएका छन् ।

विशेषगरी ४० जना सहभागी रहेको बारिस्टा तालिमबाट २५ जनाले रोजगारी प्राप्त गर्नु कार्यक्रमको महत्वपूर्ण उपल(ब्धि रहेको पाण्डेले जानकारी दिए । आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिएको अडियो/भिडियोग्राफी तथा ड्रोनसम्बन्धी आधारभूत तालिमबाट २५ जनामध्ये ११ जना स्वरोजगार वा रोजगारीमा आबद्ध भएका छन् भने सोही वर्षको एसी तथा फ्रिज मर्मत तालिमबाट ३० जनामध्ये १० जना लाभान्वित भएका छन् ।

त्यसैगरी आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिएका बारिस्टा र व्यूटिसियन तालिमबाट पनि सहभागीहरू स्वरोजगारतर्फ उन्मूख भएका छन् । रोजगार शाखाका अनुसार यस्ता सीपमूलक तालिम कार्यक्रमले स्थानीयस्तरमै रोजगारी सिर्जना, वैदेशिक रोजगारीमा निर्भरता घटाउने र उद्यमशीलता विकास गर्ने उद्देश्यलाई टेवा पुऱ्याएको छ । आगामी दिनमा बजारको मागअनुसार थप प्रभावकारी तालिम सञ्चालन गरिने पनि शाखाले जनाएको छ ।

» बाँकी ३ पेजमा

## सुनचाँदी कालिगड उत्पादन गर्दै उप-महानगर

बुटवल । बुटवलका सुनचाँदी व्यवसायीले भारतबाट कालिगड ल्याएरै भए पनि गहना बनाइरहेका थिए । लामो समयदेखि स्वदेशी मुद्रा बाहिरिएको मात्रै थिएन, महँगो खर्चमा जनशक्ति ल्याउनु परेको थियो । तर अब बुटवल उप-महानगरपालिकाको पहलकद्मीमा स्थानीयस्तरमा नै सुनचाँदीको दक्ष कालिगड उत्पादन भएको छ ।

बुटवलका नगरप्रमुख खेलराज पाण्डे भन्छन्-"बाहिरबाट जन(शक्ति ल्याउनुपर्ने बाध्यता हटाउन उप-महानगरपालिकाले सुनचाँदी कालिगड उत्पादन गर्नका लागि लगानी गरेको छ ।"

अहिले बुटवल उप-महानगरपालिका क्षेत्रभित्र एक सय ८० को हाराहारीमा सुनचाँदी पसलहरू छन् । यी पसलमा सुनचाँदीका गरगहना बनाउन स्थानीय जनशक्तिलाई संलग्न गराउन उप-महानगरपालिकाले कालिगड तालिमको आयोजना नै गरेको थियो । पहिलो चरणमा तालिमबाट २० जना जनशक्ति उत्पादन गरेको छ ।

बुटवल देवीनगरकी ३१ वर्षीय पिपला स्वर्णकारका दुई सन्तान छन् । उनले पनि सुनचाँदीका गहना बनाउने सीप सीक्न तालिम लिइन् । सीप सिकेर स्वदेशमै आफ्नै परिवारसँगै बसेर केही गर्न सकिन्छ भनेर तालिम लिएको उनले बताइन् । उनले भनिन्-"रुचिको विषय भएर पनि होला, सुनचाँदीका गहना बनाउन सक्ने भएँ ।' उनको रूची र दक्षता खासगरी सुनचाँदीका सिक्री बनाउनेमा रहेछ ।

उनलाई अझै आधुनिक फेसनअनुसारको गहना बनाउने इच्छा छ । सामान्यतया सिक्री बनाउन चार घण्टा र पोते उन्न दुई घण्टा लाग्ने उनले बताइन् । उनले भनिन्-'परिवारको खर्च जुटाउन सक्नेछु । यो सीपले घरमा मात्र सीमित हुनु पर्ने छैन ।'

नेपालमा एकातिर बेरोजगारीको समस्या बढ्दो छ भने अर्कोतिर काम गर्ने दक्ष जनशक्तिको चर्को अभाव छ ।

» बाँकी ३ पेजमा

## टिपरको ठक्करबाट दुईको मृत्यु




पाल्पा । तिनाउ गाउँपालिकाको वडा नं. ३ दोभान सडकमा टिप्परले मोटसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ । लु २ ख १८८३ नम्बरको टिपरले लु ४९ प ७७९५ नम्बरको मोटरसाइकललाई ठक्कर दि(ँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा गुल्मी पूर्तिघाट ४ बस्ने वर्ष ३१ का मोटरसाइकल चालक मिलन कार्की र रुपन्देही बुटवल उप-महानगर पालिका ८ सुख्खानगर बस्ने वर्ष २८ की सीता राना रहेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले बताए ।

घाइते अवस्थामा दुबै जनालाई सडकबाट उद्धार गरी लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको लागि पुऱ्याएकोमा दुबैको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

## राप्रपाको घोषणा पत्र

### सबल, समृद्ध र सम्मुनत नेपाल–पृथ्वी पथ

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

शनिबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा अध्यक्ष राजेन्द्र लिङ्देनले चुनावी घोषणापत्र पढेर सार्वजनिक गरेका हुन् ।

राप्रपाले आफ्नो घोषणापत्रलाई 'संकल्प पत्र' को नाम दिएको छ । राप्रपाले घोषणापत्रमा अबको गन्तव्यको रुपमा 'सबल, समृद्ध र सम्मुनत नेपाल-पृथ्वी पथ' लाई राखेको छ । राप्रपाले शासकीय स्वरूप पनि घोषणापत्रमा राखेको छ । जहाँ अभिभावकीय संस्थाको रुपमा राजसंस्था हुनुपर्ने राप्रपाको घोषणा छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको शासकीय स्वरूपको एजेन्डाबाट पछि हटेको छ । घोषणापत्रमा राप्रपाले शासकीय प्रणालीमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने आफ्नो पूर्व एजेण्डा समावेश गरेको छैन । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्थामा पार्टीभित्र दुई धार थियो । अध्यक्ष राजेन्द्र लिङ्देन पक्ष प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुनुपर्ने शासकीय व्यवस्थाको पक्षमा थिए । वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणालगायत प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने शासकीय व्यवस्थाको विपक्षमा थिए । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने शासकीय व्यवस्थामा बारेमा घोषणापत्रमा उल्लेख गरिएको छैन । प्रदेशको खारेजको पक्षमा राप्रपा उभिएको छ । दुई तहको मात्रै सरकार हुनुपर्नेमा राप्रपाको जोड छ । केन्द्र र स्थानीय तहको सरकार हुनुपर्ने र स्थानीय तहका जनप्रतिनिधि गैरदलीय हुनुपर्ने पक्षमा राप्रपा देखिएको छ ।

अभिभावकीय संस्थाको रुपमा राजसंस्था हुनुपर्ने मा(न्यतामा राप्रपा देखिएको छ । निर्वाचन प्रणालीमा व्यापक परिवर्तन र सुधारको आवश्यकता रहेको राप्रपाले जनाएको छ । पूर्ण धार्मिक स्वतन्त्रता सहितको वैदिक सनातन धर्म सापेक्ष हिन्दु राष्ट्र हुनुपर्ने राप्रपाको चुनावी एजेण्डा छ ।

जसमा राप्रपाले सबल, समृद्ध, र समुन्नत नेपाल आफ्नो दीर्घकालीन सोंच रहेको उल्लेख गर्दै दीर्घकालीन राष्ट्रिय लक्ष्यमा पुँजी निर्माण, दिगो विकास, शिक्षा-स्वास्थ्यमा निःशुल्क पहुँच, सामाजिक सुरक्षा, सामाजिक न्याय, समतामूलक समृद्धि, युवाकेन्द्रित उत्पादनमुखी र व्यापक रोजगारी भनेको छ ।

यस्तै दीर्घकालिन मार्गचित्र २०८७ सम्ममा मध्यम आयस्तर भएको मुलुक बनाउने रहेको उल्लेख गर्दै राप्रपाले दीर्घकालीन राष्ट्रिय रणनीतिमा दिगो आर्थिक वृद्धि, गुणस्तरीय स्वास्थ्य र शिक्षा, गरिबी न्यूनीकरण, प्रविधिको विकास र विस्तार, रणनीतिक दिगो पूर्वाधार, दिगो शहर तथा बस्ती विकास, रोजगारमूलक उत्पादन र उत्पादकत्व अभिवृद्धि, प्रभावकारी सार्वजनिक सेवा प्रवाह, प्राकृतिक स्रोतको उच्चतम सदुपयोग तथा संरक्षण र दिगो सामाजिक सुरक्षा सुनिश्चित गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति अवलम्बन गर्ने बताएको छ ।

यसैगरी राप्रपाले राष्ट्रिय स्वतन्त्रता, अखण्डता, एकता, सार्वभौमिकता, प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनको निमित्त राष्ट्रिय सुरक्षा मूलनीति बनाइनेछ संकल्प गरेको छ । साथै जातीय भेदभाव र छुवाछुतलगायत धर्मको आधारमा कुनै पनि प्रकारको भेदभावलाई दण्डनीय बनाइने प्रतिबद्धता उसले जनाएको छ ।



## सम्पादकीय

# उत्कृष्ट पालिकाबाट सिकौं

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको नतिजा अनुसार, अर्घाखाँचीको पाणिनी गाउँपालिका उत्कृष्ट भएको छ । पाणिनी गाउँपालिकाले ८३ दशमलव ८४ प्रतिशत अंक पाएको छ । त्यसैगरी, उप-महानगरमा बुटवल उप-महानगरपालिकाले ६४ दशमलव ४४ प्रतिशत अंक ल्याई उत्कृष्ट भएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहका काम कारवाहीलाई १७ सूचकमा मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्दै आएको छ । ती सूचकमा १० असारभित्र बजेट सार्वजनिक गरे, नगरेको, असार मसान्तभित्र बजेट पास गरे, नगरेको, आर्थिक वर्ष २०८१/०८२ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक प्रदेश सञ्चित कोषमा दाखिला गरे, नगरेको समेत मूल्याङ्कनको सूचक मानिएको छ । त्यसैगरी, राजस्व परिचालन, बजेट खर्चको अवस्था, बेरूजु, सूत्र सफ्टवेयर प्रयोग, विद्यार्थी भर्ना दर, कक्षा ९ मा विद्यार्थी टिकाउदर, गर्भ जाँच गर्ने महिला अनुपात, एसईई परीक्षाको नतिजा, खोपलगायतका बालबालिकाको अनुपात समेत आयोगले मूल्याङ्कनका आधार मान्ने गरेको छ ।

देशभरका स्थानीय तहमध्ये ८० प्रतिशत अंक कटाउने  चार पालिका छन् । तीमध्ये तीन पालिका लुम्बिनी प्रदेशका हुन् । गुल्मीको मालिका गाउँपालिकाले ८१ दशमलव ९७ र धुर्कोट गाउँपालिकाले ८० दशमलव ५२ प्रतिशत अंक ल्याएर उत्कृष्ट भएका छन् । रूकुम पश्चिमको चौरजहारी नगरपालिकाले ८२ दशमलव १५ प्रतिशत अंक पाएको छ । उत्कृष्टमा अगाडि लुम्बिनी प्रदेशका पालिका अगाडि हुनुले यहाँ कामको प्रतिस्पर्धा छ भन्ने एउटा उदाहरण हो । लुम्बिनीका अरू धेरै पालिका अन्य प्रदेशका पालिकाभन्दा अगाडि छन् । पालिकाको कामलाई चुस्त, पारदर्शी, आम्दानी र खर्चलाई लयमा ल्याउन, संविधान, ऐन कानुनको पालना गर्ने वातावरण तयार गर्न वित्त आयोगले हरेक वर्ष मूल्याङ्कन गर्दै आएको छ । असार १० गतेभित्र बजेट ल्याएको हुनुपर्नेलाई मूल्याङ्कनको आधार बनाउनुको अर्थ हो, संविधानको पालना गर्न प्रेरित गर्नु । असार १० भित्र बजेट ल्याउनुपर्नेमा अझै पनि कतिपय पालिकाले आन्तरिक झैंझगडामा फसेर समयमै बजेट ल्याउन प्राथमिकता दिएका छैनन् । संविधानको पालना गर्न ध्यान दिँदा नै हो, व्यवस्था बलियो र संस्थागत बन्ने । जब संविधानको पालना गर्न र गराउन प्राथमिकता दिइदैनृ, व्यवस्थाप्रति नागरिकको विश्वास र भरोसा टुट्दैजान्छ ।

बजेट विनियोजन गर्ने तर खर्च विधिसम्मत नगर्ने प्रवृत्ति मौलाएको बेला धेरै स्थानीय तहले खर्च विधिसम्मत गर्ने प्रयास गरेको देखिन्छ । यसले स्थानीय तहप्रति नागरिकको आशा र भरोसा बढ्दै जानेछ । स्थानीय तहलाई संविधानले सेवा प्रवाहको केन्द्र मानेको छ । सेवा प्रवाहको केन्द्रमा रहेको स्थानीय तह नागरिकको घरदैलोको सरकार हो । नागरिकको घरदैलोको सरकार नागरिकप्रति सिधैँ सम्पर्क र सम्बन्ध हुने गर्छ । नागरिकप्रति सिधैँ सम्पर्क र सम्बन्ध हुने सरकार जवाफदेही र जिम्मेवार हुँदा प्रदेश र संघीय सरकारलाई नागरिकले हेर्ने सकारात्मक दृष्टिकोण बन्छ । र, प्रदेश र संघीय सरकारले पनि स्थानीय तहबाट धेरै कुरा सिक्न सक्छन् । त्यसैले स्थानीय तह अझै जिम्मेवार बन्नुपर्ने बेला आएको छ ।

# राजनीतिक तरलता र अन्तर्राष्ट्रिय वित्तीय विश्वसनीयतामाथिको गम्भीर परीक्षामा नेपाल



**ईन्द्रप्रसाद भुसाल**



नेपाल अहिले राजनीतिक स्थिरता, नीतिगत निरन्तरता, सुशासन र वित्तीय प्रतिबद्धता जस्ता विषयमा अन्तर्राष्ट्रिय समुदायको कडा निगरानीमा छ । २०८२ साल फागुन १४ गते नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (FATF)को ग्रे लिस्टमा परेको एक वर्ष पूरा हुँदैछ । ग्रे लिस्टमा पर्नु भनेको देशको कमजोर वित्तीय प्रणालीप्रतिको गम्भीर चेतावनी हो । दुई वर्षभित्र आवश्यक सुधार गर्न नसके नेपाल ब्ल्याक लिस्टमा पर्न सक्ने जोखिम रहन्छ, जसले अन्तर्राष्ट्रिय बजारमा विश्वास घट्ने, व्यापार अवरुद्ध हुने र अर्थतन्त्र थप संकटमा पर्ने अवस्था सिर्जना गर्छ । तर अहिले एक वर्ष बितिसक्दा पनि ठोस सुधारका सङ्केत देखिएका छैनन् ।  आयात-निर्यातबिचको ठूलो असन्तुलन, उत्पादन र उत्पादकत्वको गिरावट, अवैध कारोबार, भ्रष्टाचार, हुन्डी र कमजोर कानुनी कार्यान्वयनले अर्थतन्त्र झन् जोखिमतर्फ धकेलिएको छ ।

हाल ग्रे लिस्टमा परेका धेरै देशहरूमा सरकार कमजोर भएको साझा विशेषता देखिन्छ । नेपालमा पनि आर्थिक नियमन, कानुनी कठोरता र संस्थागत समन्वय कमजोर देखिन्छ । यसैबिच प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढेको छ, तर चुनावमा खर्च, लोभ र तामझामले अर्थतन्त्र र लोकतन्त्रलाई अझ कमजोर बनाउने खतरा छ । वर्तमान नेपाली राजनीतिलाई नियाल्दा देखिने दृश्य उत्साहजनक छैन । आर्थिक, राजनीतिक, सामाजिक, कानुनी क्षेत्रमा जताहेरे पनि असन्तोष, आक्रोश र गहिरो अविश्वास छ । कुनै एक दल, एक सरकार वा एक नेताप्रति मात्र होइन, प्रायः सबै राजनीतिक दल, प्रधानमन्त्री, मन्त्री र नेतृत्व तहप्रति जनताका प्रतिक्रियाहरू नकारात्मक छन् ।  सडकछेउका चिया पसलदेखि सामाजिक सञ्जालका डिजिटल चौतारासम्म, राजनीतिक संवाद अब विचार र नीतिको बहसभन्दा धेरै तल झरेर  गाली, व्यंग्य र बेइज्जतीमा रूपान्तरित हुँदै सामाजिक र नैतिक पतनतर्फ उन्मुख हुँदैछ । शक्ति र सत्ता हातमा पुगेपछि आलोचना खेप्न नसक्ने, असहमतिलाई शत्रुताजस्तो ठान्ने र जनभावनालाई उपेक्षा गर्ने प्रवृत्ति नेपाली राजनीतिका नयाँ विशेषता होइनन् । आज देखिएको निराशा त्यसको चरम रूप हो । जनतामा देखिएको नकारात्मकता क्षणिक आक्रोश नभै  लामो समयदेखि जम्मा हुँदै आएको निराशाको विस्फोट हो । सामाजिक सञ्जालमा देखिने टिप्पणीहरूसामूहिक मनोविज्ञानका संकेत पनि हुन सक्दछन् । लामो समयदेखिका राजनीतिक अस्थिरताले आम नगरिक आजित भएका छन् । नगरिकका   राजनीति आशा, भरोसा बिथोलिएकाले नकारात्मक भावनाले प्रश्रयपाएको हो ।

सामाजिक सञ्जाल खोल्दा देखिने दृश्यले आम नागरिकका निराशाहरू अझ स्पष्ट पार्छ । कुनै नीति नयाँ कार्यक्रम ल्याइए पनि, प्रतिक्रिया तुरुन्तै अविश्वासले भरिन्छ ।  यस्तो भाव अब व्यक्तिगत निराशामा मात्र सीमित नरही सामूहिक निष्कर्ष जस्तो बन्नु गलत कुरा हो । अब प्रश्न गरौं, यति धेरै मानिस किन नकारात्मक बने ? किन जनताको विश्वास प्रणाली नै भत्किएजस्तो भयो ? र यस्तो मानसिक अवस्थाबाट गुज्रिरहेको समाजले लोकतन्त्रलाई स्वस्थ राख्न सक्छ ?

नेपाली जनताले विगत तीन दशकमा थुप्रै राजनीतिक परिवर्तन देखे । बहुदल, गणतन्त्र, लोकतन्त्र, संघीयता संविधान सबै प्राप्त भए, तर यी परिवर्तनको साथ साथै थुप्रै आशाहरू पनि जन्मिए, सत्ता र शासन बदलिए ।  तर समय बित्दै जाँदा सोंचे जस्तो अनुभूति हुन सकेन ।  संरचना फेरिए पनि शासन गर्ने संस्कार फेरिएन । सत्ताको चरित्र उस्तै रह्यो, । लामो समयको राजनीतिक तरलता, कमजोर कानुनी र संस्थागत संरचना कमजोर खोज अनुसन्धान, वित्तीय प्रणालिमा प्रभावकारी नियमन र निगरानी नहुनाले नेपाल अन्तर्राष्ट्रिय वित्तीय विश्वसनीयताको गम्भीर मोडमा उभिन पुगेको छ । यो मुलुकको वित्तीय विश्वसनीयता, सुशासन र राजनीतिक प्रतिबद्धताको सूचक खराब मोडमा पुगेको छ । नेपाल जस्तो विकासोन्मुख मुलुक आर्थिक मात्र नभई राजनीतिक र संस्थागत चेतावनीको अवस्था मा छ । सन् २२०५ जनवरीमा फाइनान्सियल एक्सन टास्क फोर्स (FATF) ले पुनः नेपाललाई ग्रे लिस्ट मा राखेको छ । नेपाल यस अघि 2008-2014 सम्म पनि ग्रे लिस्ट मा थियो । 'ग्रे लिस्ट' भन्नाले फाइनान्सियल एक्सन टास्क फोर्स (FATF) ले जारी गर्ने 'Jurisdictions under Increased Monitoring' नामक सूचीलाई जनाउँछ । जुन देशमासम्पत्ति शुद्धीकरण (Anti-Money Laundering– AML) र आतंकवादी वित्त पोषण नियन्त्रण (Counter-Terrorist Financing – CFT) सम्बन्धीकानुनी, संस्थागत तथा कार्यान्वयन संरचना अन्तर्राष्ट्रिय मापदण्डअनुसार पर्याप्त प्रभावकारी देखिँदैनन् । त्यस्ता देशहरुलाई ग्रे लिस्टमा राख्ने कानुनी प्रावधान छ । FATF को मूल उद्देश्य विश्वभरि फैलिएकोअवैध धन, संगठित अपराध, आतंकवाद र वित्तीय अपराधको सञ्जाल तोड्नु हो । FAFT ले तयार पारेका सिफारिसहरू आज विश्व वित्तीय सुशासनको साझा मापदण्ड बनिसकेका छन् ।

कुनै देशले तोकिएको समयभित्र सम्पति सुद्धीकरण, आतङ्कवादी वित्त पोषण नियन्त्रण,  कानुनी प्रकृयामा सुधार गर्न सकेन भने ग्रे लिस्टबाट ब्ल्याक लिस्टमा जान सक्ने खतरा रहन्छ । जसको अर्थ अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीबाट लगभग बहिष्करण जस्तै हो ।  जनवरी-फेब्रुरी २०२५ मा सम्पन्न FAFT प्लेनरी बैठकपछि नेपाल पुनः ग्रे लिस्ट (IncreasedMonitoring) मा राखिएको छ ।  यो निर्णय आकस्मिक नभै, बरु दीर्घकालीन कमजोरीहरूको परिणाम हो । नेपालले AML/CFT सम्बन्धी कानुनहरू निर्माण गरे पनितिनको प्रभावकारी कार्यान्वयन, निगरानी र नियमित मूल्याङ्कन कमजोर  रहनु , अनुसन्धान र अभियोजन क्षमतामा कमी हुनु,   विशेषगरी सहकारी, रियल-एस्टेट, गैर(बैंकिङ क्षेत्र र नगद कारोबार जस्ताउच्च जोखिम क्षेत्रको प्रभावकारी अनुगमन नहुनु,  कार्ययोजना समयमै पूरा नहुनु, न्यायिक कारबाही, दोषीमाथि सजाय, संस्थागत समन्वय र तथ्याङ्क व्यवस्थापनमा   अपेक्षित प्रगति नदेखिनु ले नेपाल दोस्रो पटक पुनः ग्रे लिस्ट मा परेको हो ।   नेपाल यसअघि २००८-२०१४ सम्म ग्रे लिस्टमा रहँदा आर्थिक न्यायिक अनुशासनमा   सुधार गरेर बाहिर निस्किएको थियो । तर हालको पुनरावृत्तिले  राजनीतिक स्थायित्व, सुशासन  र भ्रष्टाचार नियन्त्रण प्रभावकारी छैन भन्ने कुरा प्रमाणित हुन्छ । कानुन बनाउनु मात्र पर्याप्त हुँदैन, कार्यान्वयन नै निर्णायक हुन्छ भन्ने कुरा प्रभावकारीरूपमा लागु गर्न नसक्नु नेपालको प्रमुख कमजोरी देखिएको छ ।

धन शुद्धीकरण नियन्त्रणका कमजोर कानुनी तथा संस्थागत संरचना,  आतंकवादी वित्तपोषण पहिचान र रोकथाममा कमजोरी, वित्तीय प्रणालीमा प्रभावकारी नियमन र निगरानीको अभाव, उच्च जोखिम क्षेत्रको अपर्याप्त अनुसन्धान,सरकारी निकायबिच कमजोर समन्वय, अन्तर्राष्ट्रिय मापदण्डप्रति औपचारिक प्रतिबद्धता, तर व्यवहारिक ढिलासुस्ती जस्ता कारणले  नेपाल पुनः ग्रे लिस्टमा पर्नुका साझा कारणहरू हुन् ।  नेपाल जस्तै विश्वका धेरै राष्ट्रहरू ग्रे लिस्टमा परेका छन् ।  २०२५ अक्टोबरसम्म FATF को ग्रे लिस्टमाअल्जेरिया, अङ्गोला, बोलिभिया, बुल्गारिया, क्यामरुन, कोटे डी आइभोयर,डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो, हैती, केन्या, लाओ पीडीआर, लेबनान, मालि, मोनाको, नामिबिया, नेपाल, साउथ सुडान, सिरिया, भेनेजुएला, भियतनाम र यमेन रहेका छन् । यसबाट स्पष्ट हुन्छ कि विश्वका धेरै जसो अस्थिर , भ्रष्टाचार युक्त राष्ट्रहरू नै ग्रे लिस्टमा परेका छन्  जहाँ सुशासन र संस्थागत क्षमता अत्यन्त कमजोर र  अस्तब्यस्त छन् । नेपालका लागि  ग्रे लिस्ट सिधा प्रतिबन्ध नभएता पनि आर्थिक तथा समाजिक, भौतिक पुर्वाधार विकासमा यसको दुरगामी असर गहिरो हुन सक्छ । विदेशी लगानीकर्ताको विश्वास घट्नु, ऋण तथा वैदेशिक कारोबारको लागत बढ्नु,  बैंकिङ लेनदेन ढिलो र जटिल हुनु, अन्तर्राष्ट्रिय व्यापारमा अतिरिक्त हुनु , समग्र आर्थिक छविमा नकारात्मक प्रभाव पर्नुका साथै यसको प्रत्यक्ष मार अन्ततः आम नागरिक, रोजगारी र विकासमा पर्दछ ।

नेपाल ग्रे लिस्टमा पर्नुमा कर्मचारीतन्त्र र राजनीतिक नेतृत्व उत्तिकै उत्तरदायी छन् । बारम्बार सरकार फेरिनु, नीति नियम र कानुनको अभाव, संस्थागत कमजोरी,   संस्थागत भ्रष्ट्राचार र भ्रष्टाचारप्रति मौन सहमति  प्रमुख तत्वहरू हुन् । अझै पनि राजनीतिज्ञहरू कानुन बनाउने  र  कार्यान्वयनमा गम्भीर भएनन् भने  नेपालको अन्तर्राष्ट्रिय साख थप कमजोर हुनेछ । ग्रे लिस्टबाट बाहिर निस्कन नेपालले औपचारिक देखावटी र कागजी सुधारले मात्र पुग्दैन, व्यावहारिक परिवर्तन देखाउनु जरुरी छ ।  कानुनको कठोर र निष्पक्ष कार्यान्वयन, अनुसन्धान र अभियोजन संस्थाको सुदृढीकरण, उच्च जोखिम क्षेत्रको प्रभावकारी निगरानी, तथ्याङ्क, प्रविधि र अन्तर्राष्ट्रिय समन्वय सुधार, राजनीतिक हस्तक्षेपविहीन नियमन प्रणाली तथा  स्थिर प्रभावकारी शासन प्रणाली अपरिहार्य छन् ।  यसका लागि  अब  बन्ने सरकार मुख्य जिम्मेवार हुनेछ ।  फागुन २१ गतेको आम चुनावमा कुनै पनि दललाई स्पस्ट  बहुमत प्राप्त भएन भने नेपाल फेरि पनि आर्थिक तथा समाजिक दलदल मा फस्ने  छ । यदि राज्य, राजनीति, प्रशासन, निजी क्षेत्रर नागरिक समाज सबैले मिलेर आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गरे भने नेपाल ग्रे लिस्टबाट बाहिरिन  सम्भव छ, तर त्यसका लागि साहसिक निर्णय र दृढ कार्यान्वयनको सङ्कल्प जरुरी छ ।

(लेखक न्यू होराइजन कलेजका प्राध्यापक हुन्)

# चुनावपछि नेपालको स्वास्थ्य मन्त्री कस्तो हुनु पर्छ ?

**सुरज पराजुली**

भाद्र २०८२ को जेनजी विद्रोहपछि अहिले देश चुनावी माहोलमा गएको छ । यो लेखमा अबको चुनावपछि नेपालको स्वास्थ्य मन्त्रीमा कस्तो विशेषता हुनु पर्छ भन्ने विषयमा चर्चा गर्दै छु ।

नेपालको संविधानको धारा (३५) ले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । अब बन्ने सरकारले स्वास्थ्य क्षेत्रलाई केवल सहायक मन्त्रालयको रूपमा होइन, राष्ट्र विकासको आधारको रूपमा लिनुपर्छ । कोभिड-१९ जस्तो विषम महामारी, नसर्ने रोगको बढ्दो प्रकोप, मानसिक स्वास्थ्यको भयावह प्रभाव र ग्रामीण-शहरी स्वास्थ्य असमानता बढिरहेको अवस्थामा कमजोर नेतृत्वले नेपालको स्वास्थ्य प्रणाली झन्भन्दा झन् धराशायी हुन्छ भन्ने देखाइसकेको छ । नेपाल जीवनस्तर सर्वेक्षण अनुसार, नेपालका केवल ६१.८% घरपरिवारले मात्र नजिकको स्वास्थ्य चौकीसम्म ३० मिनेटभित्र पुग्न सक्छन्, जसमा शहरी र ग्रामीण क्षेत्रबिच उल्लेखनीय भिन्नता देखिन्छ । नेपालको भूगोलले स्वास्थ्यमा पहुँच पुऱ्याउन अझ चुनौती थपेको छ । यस्तो अवस्थामा स्वास्थ्यमा कुशल नेतृत्वको आवश्यकता पर्दछ। तसर्थ, अब चुनावपछि स्वास्थ्य मन्त्री कस्तो बन्नु पर्ला ? स्वास्थ्य मन्त्रीमा नभई नहुने १० विशेषताहरू तल चर्चा गरेको छु ।

**१. स्वास्थ्य प्रणाली र सार्वजनिक स्वास्थ्यको आधारभूत बुझाइ**

स्वास्थ्य मन्त्री अनिवार्य रूपमा चिकित्सक नै हुनुपर्छ भन्ने होइन, तर स्वास्थ्य प्रणाली कसरी काम गर्छ, सार्वजनिक स्वास्थ्यको अर्थ के हो र नीतिगत निर्णयले जनताको जीवनमा कस्तो असर पार्छ भन्ने स्पष्ट बुझाइ हुनैपर्छ । निर्णय अनुमानको भरमा होइन, प्रमाण र तथ्यमा आधारित हुनुपर्छ । स्वास्थ्य प्रणालीलाई पूर्ण रूपमा बुझ्नका लागि स्वास्थ्य सेवाका चार प्रमुख आयामको बुझाइ आवश्यक छः निवारक सेवा, जस्तै खोप र सरसफाइ; प्रोमोटिभ सेवा, जस्तै जनचेतना र जीवनशैली सुधार; उपचारात्मक सेवा, जस्तै अस्पताल र क्लिनिकमा गुणस्तरीय उपचार; र पुनःस्थापना सेवा, जसले दीर्घकालीन रोग वा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार गर्छ । यी सबै आयामबिच सन्तुलन राखेर नीति निर्माण गर्न सक्नु स्वास्थ्य नेतृत्वको जिम्मेवारी हो ।

**२. अनुसन्धान र प्रमाणमा आधारित नीति निर्माण गर्ने क्षमता**

अबको मन्त्रीले स्वास्थ्य तथ्याङ्क, अनुसन्धान र रोग निगरानी प्रणाली (Disease Surveillance System) लाई नीति निर्माणको केन्द्रमा राख्नुपर्छ। यसले केवल बजेटको प्रभावकारी प्रयोग मात्र होइन, वास्तविक समस्याको पहिचान र समाधानमा पनि मद्दत पुऱ्याउँछ । अनुसन्धानलाई प्राथमिकता दिनु, नयाँ सोच र युवा वैज्ञानिकलाई प्रोत्साहन गर्नु र प्रविधिको दिगो विस्तार गर्नु अनिवार्य छ । यस्तो दृष्टिकोणले नीतिहरू जनताको आवश्यकता र चुनौतीसँग मेल खाने र प्रणालीगत सुधारमा योगदान गर्ने बनाउँछ ।

**३. प्राथमिक स्वास्थ्य सेवामा स्पष्ट प्राथमिकता**

ठूला अस्पतालहरू आवश्यक छन् तर अस्पताल निर्माण गरेर मात्र स्वास्थ्यमा पूर्ण सुधार सम्भव छैन । नेपालमा प्रायः स्वास्थ्य नीति र बजेट शहर र उच्चस्तरीय अस्पतालमा केन्द्रित भइरहेका छन्, तर दुर्गम, ग्रामीण र पहाडी क्षेत्रका नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुग्दैन । स्वास्थ्य चौकी, प्राथमिक अस्पताल र समुदायस्तरको सेवामा पर्याप्त लगानी गर्नु अपरिहार्य छ । यसले रोगको रोकथाममा सहयोग पुऱ्याउनुका साथै स्वास्थ्य सेवामा असमानता र पहुँचको खाडल घटाउँछ ।

नीति निर्माण गर्दा Primordial / Primary Intervention मा केन्द्रित हुनु अत्यावश्यक छ । यसले जीवनका प्रारम्भिक चरणमा हुने जोखिम घटाउँछ, जस्तै पोषण, सरसफाइ, खोप र स्वास्थ्य शिक्षा आदि । वैज्ञानिक प्रमाणले पनि प्रारम्भिक स्वास्थ्य सेवाको महत्व पुष्टि गरेको छ । Fetal Origin Hypothesis अनुसार प्रारम्भिक जीवनमा भएका अवस्था (जस्तै पोषण, गर्भावस्थामा मातृ स्वास्थ्य) ले वयस्क जीवनको स्वास्थ्य गुणस्तर, रोग प्रतिरोधक क्षमता र बौद्धिक क्षमता निर्धारण गर्छ ।

**४. स्वास्थ्य जनशक्तिको व्यवस्थापन**

नेपालमा डाक्टर, नर्स र स्वास्थ्यकर्मीको अभाव र विदेश पलायन स्वास्थ्य प्रणालीको गम्भीर चुनौती बनेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न उचित तलब, सुरक्षित कार्यस्थल, तालिम र करियर विकासको योजना अनिवार्य छ । स्वास्थ्य मन्त्रीले स्वास्थ्यकर्मीलाई प्रणालीको मेरुदण्डका रूपमा हेर्नुपर्छ । विशेष गरी ग्रामीण र दुर्गम भेगमा काम गर्ने स्वास्थ्यकर्मीलाई अतिरिक्त प्रोत्साहन, भत्ता र करियर अवसर प्रदान गर्नु आवश्यक छ ।

**५. नसर्ने रोग र मानसिक स्वास्थ्यमा दीर्घकालीन सोंच**

नेपालमा नसर्ने रोग र मानसिक स्वास्थ्य समस्या तीव्र रूपमा बढ्दै गएको छ । नेतृत्वको भूमिकाले राष्ट्रिय स्तरमा रोकथाम, स्वास्थ्य शिक्षा, जीवनशैली सुधार र समुदायमा चेतना वृद्धि जस्ता दीर्घकालीन रणनीतिहरूलाई प्राथमिकता दिनुपर्छ । मानसिक स्वास्थ्य विषयलाई अझै पनि लुकेको चुनौतीको रूपमा मान्ने प्रवृत्तिलाई परिवर्तन गर्दै स्वास्थ्य नीति र बजेटमा यसलाई पर्याप्त प्राथमिकता दिनुपर्छ ।

**६. आपतकालीन तयारी र सार्वजनिक स्वास्थ्य सुरक्षा**

नेपाल सडक दुर्घटना, बाढी, पहिरो र अन्य विपद् नियन्त्रणका लागि अझै पूर्णरूपमा तयार छैन । नेपाल प्रहरीको तथ्याङ्क अनुसार सडक दुर्घटनामा प्रत्येक दिन औसत ७ जनाको मृत्यु हुन्छ । अबको स्वास्थ्य मन्त्रीले आपतकालीन प्रतिक्रिया प्रणाली, औषधि भण्डारण, रोग निगरानी र अन्तर-मन्त्रालय समन्वयलाई बलियो बनाउनुपर्छ ।

**७. डिजिटल स्वास्थ्य र स्वास्थ्य डेटा शासन**

अबको मन्त्रीले इलेक्ट्रोनिक हेल्थ रेकर्ड (EHR) प्रणाली कार्यान्वयन गरेर बिरामीको स्वास्थ्य विवरण डिजिटल रूपमा सुरक्षित राख्नुपर्छ । यसले डुप्लिकेट परीक्षण हुनबाट बचाउँछ, अस्पतालमा पर्खनुपर्ने समय कम गर्छ र स्वास्थ्य सेवा पहुँच सहज बनाउँछ । डेटालाई विश्लेषण गरेर नीति निर्माण, बजेट निर्धारण र योजना कार्यान्वयनमा प्रयोग गर्ने वातावरण तयार गर्नुपर्छ ।

**८. निजी र सार्वजनिक क्षेत्रबिच सन्तुलन**

निजी अस्पतालको वृद्धि तीव्र भए पनि सेवा गुणस्तर र शुल्कमा असमानता छ । अबको स्वास्थ्य मन्त्रीले निजी क्षेत्रसँग सहकार्य र नियमन गर्दै सार्वजनिक स्वास्थ्य प्रणालीको संरक्षण गर्नुपर्छ । राज्यले निरन्तर अनुगमन र मूल्याङ्कनमार्फत् गुणस्तर र शुल्क नियन्त्रण गर्नुपर्दछ ताकि नागरिकले समान र विश्वसनीय स्वास्थ्य सेवा पाउन् ।

**९. इमानदार, पारदर्शी र भ्रष्टाचारविरुद्ध कडा नेतृत्व**

औषधि खरिद, उपकरण आपूर्ति र अस्पताल निर्माणमा हुने भ्रष्टाचारले प्रत्यक्ष रूपमा जनताको जीवन जोखिममा पार्छ । त्यसैले स्वास्थ्य मन्त्रीले इमानदार र पारदर्शी नेतृत्व अपनाउनु आवश्यक छ । सबै निर्णय र खरिद प्रक्रियाहरू पारदर्शी हुनुपर्छ र गुणस्तरीय मेडिकल सामग्री सुनिश्चित गर्न निगरानी प्रणाली बलियो बनाउनुपर्छ ।

**१०. जनतासँग संवाद गर्ने र राजनीतिक दबाबसँग नझुक्ने नेतृत्व**

नेतृत्वले केवल लोकप्रिय निर्णय लिन खोज्नुको सट्टा, वैज्ञानिक सल्लाह र तथ्य-आधारित विश्लेषणमा आधारित कठिन निर्णय लिन सक्ने साहस देखाउनुपर्छ । नीति निर्माणमा राजनीतिक दबाब वा अल्पकालीन लोकप्रियताका लागि झुक्ने प्रवृत्तिले स्वास्थ्य प्रणालीलाई कमजोर पार्छ ।

अन्ततः अबको स्वास्थ्य मन्त्रीका लागि स्वास्थ्य खर्च होइन, मानव पुँजीमा लगानी हो भन्ने बुझाइ सबैभन्दा महत्वपूर्ण हो । यस्तो नेतृत्व बिना नेपालको समग्र विकास सम्भव छैन ।

(लेखक पराजुलीले स्वास्थ्य सेवा व्यवस्थापनमा स्नातक गरेका हुन् भने हाल अमेरिकास्थित युनिभर्सिटी अफ नोट्रे डेममा शासन व्यवस्था र नीतिमा स्नातकोत्तर गर्दै छन् ।)

# पाल्पामा निर्वाचन प्रहरीको नमूना काम



कृष्ण पोखरेल
*पाल्पा*

अहिले देशभरी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढिरहेको छ। निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउन विभिन्न सुरक्षा निकाय दिनरात खटिरहेका छन्, तर, पाल्पामा खटिएका निर्वाचन प्रहरीले आफ्नो व्यावसायिक जिम्मेवारीसंगै मानवीय सेवामा खटिएका छन् । निर्वाचनको सुरक्षाको जिम्मेवारीसंगै रक्तदानमार्फत् बिरामीको ज्यान बचाउने पवित्र कार्यमा पाल्पाका निर्वाचन प्रहरीले हात बढाएका हुन् ।

एक महिने जागिरमा भर्ना भएका पाल्पाका निर्वाचन प्रहरीले देखाएको मानवसेवा कार्य देशमै नमूना बनेको छ । बिहानदेखि साँझसम्म निर्वाचन सुरक्षाको बारेमा तालिम तथा प्रशिक्षणमा खटिएका निर्वाचन प्रहरीले शनिबार समय मिलाएर रक्तदान कार्यक्रममा सहभागी भएका हुन् । जिल्ला प्रहरी कार्यालय पाल्पाको समन्वयमा र नेपाल रेडक्रस सोसाइटी पाल्पाको प्राविधिक सहयोगमा प्रहरी कार्यालय परिसरमै रक्तदान कार्यक्रम आयोजना गरियो । निर्वाचनको सुरक्षाको तालिममा सहभागी २५ जना निर्वाचन प्रहरीले स्वेच्छिक रक्तदान गरी सामाजिक सेवामा नमूना काम गरेका छन् । निर्वाचन सुरक्षामा खटिन पाउँदा गौरव लागेको थियो, त्यसमाथि रक्तदान गरेर कसैको ज्यान बचाउन पाउँदा झनै खुसी लागेको रक्तदानमा सहभागी निर्वाचन प्रहरी कमल भट्टराई बताए ।

प्रहरीको मुख्य उद्देश्य निर्वाचनलाई शान्तिपूर्ण बनाउनु हो, नागरिकको सुरक्षासँगै नागरिकको जीवन बचाउनु प्रहरीको अर्को धर्म हो । निर्वाचन प्रहरीले देखाएको यो मानवीय भावनाले प्रहरी र नागरिकबिचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ । निर्वाचन प्रहरीले रक्तदानमा देखाएको सक्रियता समुदाय प्रहरीको आपसी सहकार्यबाटै शान्तिपूर्ण समाजको निर्माणको बाटो देखाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले बताए ।

पाल्पामा लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल र पाल्पा अस्पताल गरी तीनवटा ठूला अस्पतालहरू सञ्चालनमा छन् । यी अस्पतालहरूमा दैनिक हुने जटिल शल्यक्रिया, सुत्केरी व्यथा र विभिन्न सडक दुर्घटनाका घाइतेहरूको उपचारका लागि रगतको माग उच्च रहने गरेको छ । जिल्लामै रगत व्यवस्थापनको लागि रेडक्रस पाल्पाले गएको भदौ महिनादेखि तानसेनमा रक्त सञ्चार केन्द्र सञ्चालन गरेको छ । तथ्याङ्कअनुसार पाल्पामा दैनिक १० युनिट, मासिक ३ सय युनिट र वार्षिक रूपमा करिब ३ हजार ६ सय युनिट रगतको आवश्यकता पर्दछ, यस्तो अवस्थामा सुरक्षाकर्मीले गरेको यो योगदानले रगतको अभाव टार्न ठूलो सहयोग पुऱ्याएको जिल्ला रेडक्रस पाल्पाका कार्यालय प्रमुख विनोद भारतीले बताए ।

पाल्पाका निर्वाचन प्रहरीले रगतको अभावमा छटपटाइरहेका बिरामीहरूका लागि 'जीवनदाता' बनेर नयाँ पहिचान बनाएका छन् । पाल्पाका २५ जना निर्वाचन प्रहरीले गरेको रगतको दान मात्र होइन, यो मानवसेवाको नमूना कार्य हो । निर्वाचनको सुरक्षा चुनौतीका बिच समय निकालेर समाजका लागि केही गरौं भन्ने भावना आफैंमा प्रशंसनीय रहेको छ । आगामी फागुन २१ गते हुने निर्वाचनमा निर्वाचन प्रहरीले शान्ति सुरक्षा प्रदान त गर्ने नै छन्, त्यसैगरी उनीहरूले गरेको रगत दानले धेरैको जीवनलाई सुनिश्चित बनाएको छ ।

# मतदाताका प्राथमिकतामा सडक निर्माण र वन्यजन्तु नियन्त्रण



ढोरपाटन (बागलुङ)।सालझण्डी-ढोरपाटन सडक स्तरोन्नति नभएको लामो समय भयो । स्तरोन्नति नहुँदा यहाँका स्थानीयले लामो समयदेखि सास्ती बेहोर्दै आएका छन् ।

यसका लागि यहाँका स्थानीयको अर्को समस्या हो, वन्यजन्तु । बँदेल र बाँदरलगायतका वन्यजन्तुका कारण स्थानीय हैरान छन् । जंगलबाट आएर बालीनाली नष्ट गरिदिने भएकाले उनीहरु यो समस्या चाँडो समाधान होस् भन्ने चाहेका छन् ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मत माग्दै घरदैलो पुग्दै गरेका उम्मेदवारसँग बागलुङ-२ का मतदाताले यिनै समस्या सुनाउने गरेका छन् ।

ढोरपाटन नगरपालिका-९ का थुमकला विकले बुर्तिबाङ बजारदेखि ढोरपाटन उपत्यका जोड्ने सडक एक दशक अगाडि निर्माण भए पनि अहिलेसम्म स्तरोन्नति नहुँदा समस्या भोग्नु परेको बताए । उनले भने- "गाउँमा सडक बनेपछि सुविधा होला भन्ने सोंचेका थियौं । तर सुविधाभन्दा बढी सास्ती भएको छ । चुनाव आउँदा यो सडक हामी बनाउँछौं भोट दिनुभन्दा आउँछन् । भोट दिएर जितेपछि कोही पनि गाउँ फर्किएर आउँदैनन् । यो सडकले हामीलाई कति दुःख दिएको छ । यसको समाधान गर्न सक्ने नेतालाई यसपालीको चुनावमा भोट दिन्छौं ।"

स्थानीय तुलबहादुर घर्ती मगरले घरै नजिकको जङ्गलबाट दैनिक बाँदर, चितुवा र बँदेल आएर बालीनालीको क्षति गरि दिने र मान्छेलाई आक्रमण गर्ने गरेको गुनासो गरे । वन्यजन्तुबाट समस्यामा पर्दै आएका स्थानीयको समस्या बुझ्ने उम्मेदवारलाई गाउँका स्थानीयले एकै ठाउँमा भोट दिने सल्लाह गरेको सुनाए ।

"बिहान बेलुका बाँदर, बँदले ढपाउँदैमा दिन जान्छ । बारीमा लगाएको तरकारी, बालीनाली केही बाँकी राख्दैन ।

आइमाइ केटाकेटी एक्लै वरपर गर्न पनि गाह्रो हुन्छ", उनले भने- "चुनावका बेला हामीलाई भोट दिनु समस्या समाधान गर्छौं भन्ने धेरै नेता आए । तर चुनाव जितेर कहाँ गए गए ?"

निसीखोला गाउँपालिका-५ कुँडेका गङ्गाबहादुर विकले सडक व्यवस्थित नहुँदा यात्रा र सामान ढुवानी गर्न निकै कठिन हुने बताए ।

अप्ठ्यारो र साँघुरो सडकका कारण बजारबाट दैनिक उपभोग्य सामान ढुवानी गर्दा महङ्गो भाडा तिर्न बाध्य भएको उनको भनाइ छ ।

यसपाली बुर्तिबाङ-ढोरपाटन र ढोरपाटन-निसेलढोर सडक स्तरोन्नतिका लागि पहल गर्ने उम्मेदवारलाई भोट दिने उनले सुनाए ।


## उपमहानगरपालिकाद्वारा जनहितमा जारी सन्देश

### सार्वजनिक सेवा लिंदाध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं, -
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लियौं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दियौं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

मित्रमणि खनाल — प्रमुख प्रशासकीय अधिकृत
सावित्रा देवि अर्याल — उप-प्रमुख
खेलराज पाण्डेय — नगरप्रमुख

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बुटवल, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल


### रोजगारीका...

## रोजगारी श्रृजना प्राथमिकता: मेयर पाण्डे

नगरप्रमुख खेलराज पाण्डेयले सीप र रोजगारीलाई स्थानीय सरकारको प्रमुख प्राथमिकतामा राखिएको बताए । उनले भने-"बुटवललाई अवसरको शहर बनाउने हाम्रो लक्ष्य हो । सीप सिकेर युवाले स्वदेशमै रोजगारी पाउनुपर्छ भन्ने उद्देश्यले मेयर युवा उद्यम तथा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेका हौं । अहिले देखिएको सहभागिता र परिणामले कार्यक्रम सही दिशामा रहेको पुष्टि गरेको छ । "

उप-प्रमुख सावित्रादेवी अर्यालले महिला सशक्तिकरणलाई विकासको आधार भएको बताउँदै बुटवलले रोजगारी सिर्जनालाई पहिलो प्राथमिकतामा राखेको बताइन् । उनले भनिन्-"उप-प्रमुख आत्मनिर्भर महिला उद्यम विकास कार्यक्रमले धेरै महिलालाई घरमै बसेर आयआर्जन गर्ने वातावरण बनाएको छ । तालिमलाई बजारसँग जोड्दै दिगो आम्दानीको आधार तयार पार्ने हाम्रो प्रयास जारी रहनेछ ।"

### सनचाँदी...

जनशक्तिको अभाव पूर्ति गर्न उपलब्ध जनशक्तिलाई सीपयुक्त बनाउन नगरपालिकाले पहलकदमी लिएको हो ।

बुटवलकै सिवानी बिकको बुझाइअनुसार आँखै अगाडि भएका अनेक सम्भावनालाई आर्थिक उपार्जनको पाटो बनाउन नसकिरहेको अवस्था र सोही कारण दिनहुँ सयौं नेपाली विदेशिनु परेको छ । तर, सयौं वा हजारौंले देखेर पनि वास्ता नगरेका थुप्रै विषयलाई व्यवसायिक बनाएर धेरैले राम्रो आर्थिक उपार्जन गरिरहेका छन् । यस्तै धेरै मध्येको एक विषय हो, महिलालाई कालिगड तालिम र यसबाट स्वरोजगार बन्ने धेरै युवाहरूको चाहानालाई मध्यनजर गरी तालिमको अवसर प्रदान गरेकोमा बुटवल उप-महानगरपालिका र बुटवल सुनचाँदी व्यवसायी संघलाई धन्यवाद ज्ञापन गरिन् ।

कम समय र थोरै परिश्रममा राम्रो आम्दानी गर्न सकिने पेसा भएकाले महिला र नयाँ पुस्ताका युवाहरुलाई यो पेसा उपयुक्त हुने कालिगडहरू बताउँछन् । सुनचाँदीको गहना बनाउने यो पेशामा बुटवल ११ देवीनगर बस्ने सविता सुनारले आफू यो काम अपनाएर फरक काम गरेकोमा गर्व लागेको बताउँछिन् । 'दलित समुदायमा पनि पुरुषले मात्र गर्ने काम भएकाले महिलाहरूले हत्तपत्त उक्त पेसा अपनाउन सकिरहेका थिएनन्,' सविताले भनिन्-'नेपाली समाजमा गहनाको डिजाइन र तयारी पुरुष कालिगडले गर्छन्, अनि महिलाले बढी मात्रामा प्रयोग गर्छन् । मैले सोंचे महिलाले लगाउने गहना महिलाले बनाउँदा झन् राम्रो होला भनेर यो पेसामा लागेको हो ।' उनले सुनको गहना बनाउन थालेको १० वर्ष भयो । उनले नै प्रशिक्षक भइ गहना बनाउन सिकाइरहेका छन् ।

उनको यो लगाव मेहनत र सफलतालाई अन्य महिलाहरुले पनि अनुशरण गरिरहेका छन् ।

बुटवल सुनचाँदी व्यवसायी संघका अध्यक्ष गकुल विश्वकर्माले दक्ष कालिगड बन्नका लागि बुटवल उप-महानगरपालिकाले प्रोत्साहन गरिरहेको बताए ।

बुटवल उप-महानगरपाविका सावित्रादेवी अर्यालले नयाँ पुस्ता र महिलालाई तालिम दिएर हाम्रो मौलिक पेसाका रूपमा रहेको सुनचाँदी व्यवसायको विस्तार गर्न उप-महानगरपालिकाले जनशक्ति उत्पादनमा ध्यान दिएको बताइन् ।

उप-प्रमुख अर्यालले सुनचाँदी व्यवसायमा महिलाहरुलाई सीपयुक्त बनाउन सकेको खण्डमा स्वदेशमा रोजगारको व्यवस्था पनि हुने र आयआर्जनको ग्यारेन्टी पनि हुने बताइन् ।

उनले भनिन्- "सुनचाँदी व्यवसाय मात्र नभएर बुटवलको मौलिक पेसा र पहिचान हो । यसर्थ पनि यसलाई व्यवसायका रूपमा अगाडि लैजान र आर्थिकरुपमा सवल हुनको लागि समयसमयमा प्रशिक्षण एवं तालिम सञ्चालन गर्न आवश्यक छ ।"

बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेले बुटवललाई समृद्ध बनाउन नगरका हरेक समुदायलाई सीपयुक्त बनाउन जरुरी रहेकोले त्यसमा विशेष ध्यान दिएको बताए । उनले सुनचाँदी व्यवसायमा स्वदेशी कारिगडहरूको अभाव हुँदा ठूलो संख्यामा विदेशी कालिगडहरुमार्फत् पैसा विदेश गएको उल्लेख गर्दै त्यसलाई मनन गरेर स्थानीय सरकारले स्वदेशमै कालिगड उत्पादनमा जोड दिएको बताए ।

पहिला यस्ता तालिम पुरुषको मात्रै हुने गरेकोमा अब महिलाहरूको लागि आयोजना गरिएको उनले जनाए ।

उनकाअनुसार महिलाहरू सीपसँग जोडिने आत्मनिर्भर हुने र बाह्य कालिगडहरू विस्थापित हुने र यहाँका युवाहरु स्वरोजगार हुने भएकोले यस्तो कार्यक्रमको आयोजना भएको हो ।

नगरपालिकाले गत वर्ष २० जनालाई प्रारम्भिक चरणमा तालिम दिएको थियो । बुटवल उप-महानगरपालिकाको आर्थिक सहयोगमा बुटवल सुनचाँदी व्यवसायी संघ, रूपन्देहीको आयोजनामा तालिममा मंगलसूत्र, तिलहरी, जन्तर, नौगेडी, चन्द्रहारमा पोते, क्रिस्टल र मोतीका माला बुन्न सिकेका छन् । तालिममा बुटवल उप-महानगरपालिकाका १९ वडाबाट १६ महिला र ४ पुरुष गरी २० जना दक्ष कालिगडको रूपमा उत्पादन भएका छन् ।


## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
गण्डकी प्रदेश, नवलपरासि (व.सु.पू.)

### पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र (E-bid) आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः-२०८२।१०।१४
दोस्रो पटक प्रकाशित मितिः-२०८२/११/०३

कावासोती नगरपालिकाले आर्थिक वर्ष२०८२/८३ को असार मसान्त सम्म राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रतिस्पर्धा मार्फत सवै भन्दा न्यून/बढी छुट कबोल गर्ने फर्मबाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ । यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाईट kawasotimunicipality2014@gmail.com तथा www.bolpatra.gov.np मार्फत लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ ।

| क्र.स. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | शिलबन्दी पेश गर्ने आन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रकाशित दर प्रति सी.सी. भित्री पृष्ठ सादामा छापिने | १००० | ३०००० | ७५ दिन | २०८२/११/१८ दिनको १२:०० बजे | २०८२/११/१८ दिनको १:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत



## साना किसान कृषि सहकारी संस्था लि.

बुद्धभूमि-४,बुङ्की
कपिलवस्तु
लुम्बिनि प्रदेश नेपाल

### शिलवन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८२।११।०३

यस साना किसान कृषि सहकारी संस्था लि., बुद्धभूमि-४, बुयीलाई च्यूरा मिल सम्बन्धी यन्त्र उपकरण खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्स/आपूर्तिकर्ता /व्यवसायीहरुले कारोबार खुलेको फर्म दर्ता प्रमाण पत्र मुल्य आविवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सलंग्न राखी यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस साना किसान कृषि सहकारी संस्था लि. ले उपलब्ध गराएको प्रस्ताव दरभाउ फारमभरि पेश गर्नहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दरभाउ पत्र पेश गर्दा आवश्यक पर्ने अन्य शर्तहरु :**

१ शिलबन्दी दरभाउ पत्रमा पेश गरेको प्रति इकाई मुल्य दररेट मुल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरि पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
२ शिलबन्दी दरभाउ पत्र दाताले आफु कालो सुचीमा नपरेको भनी स्वयम घोषणा पत्र पेश गर्नु पर्ने छ।
३ शिलबन्दी दरभाउपत्रका महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सही छाप गरी आफुले पेश गर्न चाहेको सामाग्रीहरुको स्पष्ट स्पेशिफिकेशन, क्याटलग समेत राखी खाम बाहिर शिलबन्दी दरभाउपत्रको नाम , ठेगाना , मोवाइल नं , कामको प्रकृति विवरण उल्लेख गर्नु पर्ने छ।
४ प्राप्त शिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस फर्ममा निहित रहने छ। रित नपुगी वा म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
५ यसमा नखुलाइएका अन्य कुराहरु प्रचलित खरिद एन २०६३ तथा नियमावली २०६४ अनुसार हुने छ।
६ दरभाउ प्रस्ताव फाराम तथा थप जानकारीका लागि यस साना किसान कृषि सहकारी संस्था लि., बुद्धभूमि-४, बुयी कपिलवस्तुको सम्पर्क नं. ९८५७०५१७१२, ९८४७०६२९३७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# चुपचाप होइन, सोंचविचार गरेर मतदान गर्न काँग्रेसको आग्रह



बुटवल । नेपाली काँग्रेसका नेताहरुले अब देशको प्रधानमन्त्री कसलाई बनाउने हो भन्ने विचार गरेर मात्रै मतदान गर्न मतदातालाई आग्रह गरेका छन् । उनीहरुले नेपाली काँग्रेसले पार्टी सभापति गगनकुमार थापा, एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओली र रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवारका रुपमा प्रस्तुत गरेको सन्दर्भमा देशका लागि उपयुक्त उम्मेदवारलाई प्रधानमन्त्री बनाउने गरी सोंच विचार गरेर मात्रै मतदान गर्न मतदातालाई आग्रह गरेका हुन् ।

नेपाली काँग्रेस पाल्पा-रुपन्देही सम्पर्क समितिको आयोजनामा काँग्रेसबाट पाल्पाका प्रतिनिधिसभा सदस्यका उम्मेदवारसँग बुटवलमा बसोबास गर्दै आएका मतदाताबिच शनिबार बुटवलमा भएको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा नेताहरुले कसलाई प्रधानमन्त्री बनाउने हो भन्ने कुरा मतदाताले राम्रोसँग बुझेर मतदान गर्ने हो भने यस क्षेत्रका अधिकांश सिटसहित काँग्रेसलाई बहुमत ल्याउन कुनै समस्या नहुने दाबी गरे ।

कार्यक्रममा बोल्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्यद्वय राजेन्द्रगोपाल सिंह, रामबहादुर कार्की, नेपाली काँग्रेस पाल्पाका पूर्व पार्टी सभापति वीरबहादुर रानाले मुलुक अस्थिर राजनीतिको सिकार बन्दै गएको र यसलाई ट्र्याकमा ल्याउनका लागि काँग्रेस सभापति गगनकुमार थापाको नेतृत्वमा सरकार बनाउनु पर्ने र त्यसका लागि काँग्रेसले बहुमत ल्याउनु पर्ने बताए । उनले मुलुकलाई सही दिशा र गति दिनकालागि काँग्रेसकै नेतृत्वमा सरकार बन्नुपर्ने र काँग्रेस नेतृत्वमा सरकार बनाउन सबै ठाउँमा काँग्रेसका उम्मेदवारलाई जिताउन आग्रह गरे ।

रुपन्देही क्षेत्र नं. २ का उम्मेदवार चुन्नप्रसाद पौडेलले पहिले बुटवलबाट नुनतेल बोक्ने पहाडी जिल्लाहरुको बाटो पाल्पाको विकासले रुपन्देहीको विकासलाई समेत सकारात्मक प्रभाव पार्ने बताए । अहिलेको निर्वाचन विशेष परिस्थितिको निर्वाचन भएकाले यस्तो परिस्थितीमा देशको बागडोर सम्हाल्न सक्ने, सबै दलहरुलाई मिलाएर लैजान सक्ने, मिसन र भिजन भएको नेपाली काँग्रेसको चुनाव चिन्ह रुखमा मतदान गरेर काँग्रेस उम्मेदवारहरुलाई जिताउन आग्रह गर । उनले बुटवल र पाल्पाको सम्बन्ध नङ मासुको जस्तो रहेको बताउँदै रुपन्देही र पाल्पाको विकास पनि आपसमा परिपुरक भएकाले पाल्पा र रुपन्देहीका काँग्रेस उम्मेदवारलाई विजयी बनाउँदा दुबैतर्फको विकासमा पनि सहकार्य गर्न सहज हुने भनाइ राखेका थिए ।

कार्यक्रममा पाल्पाका क्षेत्र नं. १ का उम्मेदवार सन्दिप राना र क्षेत्र नं. २ का उम्मेदवार हिमालदत्त श्रेष्ठले बुटवलमा बस्दै आएका पाल्पाली मतदातालाई मतदानका लागि गृहजिल्ला पुगेर सहयोग गर्न आग्रह गरे । पाल्पालाई 'स्टे हव'को रुपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यसले पाल्पालाई पर्यटकीय गन्तव्य बनाउन सहयोग गर्ने भनाइ राखेका थिए । क्षेत्र नं. २ का उम्मेदवार श्रेष्ठले पाल्पालाई 'स्टे हब' का रूपमा विकास गर्ने योजना प्रस्तुत गर्दै २०४८ सालको जस्तै राजनीतिक साख फर्काउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

पाल्पालाई 'स्टे हव'को रुपमा विकास गर्दा रुपन्देही आसपालका जिल्लाकासहित भारतीय पर्यटकलाई समेत आकर्षण गर्न सकिने उनको भनाइ थियो । उनले बसाईसराइका कारण रित्तिएका गाउँलाई पुरानै लयमा फर्काउन बसाईसराइ नियन्त्रण गर्ने योजना ल्याउने र गाउँको सामाजिक, आर्थिक तथा औद्योगिक विकास गरि बसाईसराइ गरेकालाई गाउँ फर्किने वातावरण तयार गरिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यस्तैगरी क्षेत्र नं. १ का उम्मेदवार रानाले अहिलेको विषम परिस्थितिमा हुँदै गरेको निर्वाचनमा काँग्रेस उम्मेदवारलाई जिताउन आग्रह गर्दै पाल्पाको समग्र विकास, रोजगारी सिर्जना र पूर्वाधार विकासमा जोड दिईने प्रतिबद्धता व्यक्त गरे ।

नेपाली काँग्रेस पाल्पा-रुपन्देही सम्पर्क समितिका अध्यक्ष सुरेश पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेसकी समानुपातिक उम्मेदवार रीता सेन, नेपाली काँग्रेस पाल्पाका उपसभापति झपेन्द्र गैरे, नेपाली काँग्रेस बुटवल नगरसमितिका सभापति तथा बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेय, किशोर पंगेनीलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

# मतदाताका गुनासा सुन्दै, योजना सुनाउँदै पाण्डे



बुटवल । रुपन्देही क्षेत्र नं. २ का उम्मेदवार सुवास पाण्डे 'विश्वदीप'ले दैनिक आफ्नो क्षेत्रका मतदाताका कुरा सुन्दै आफ्ना योजना सुनाउने गरेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीबाट उम्मेदवार बनेका पाण्डेले बुटवल, सैनामैना र तिलोत्तमाका मतदातासँग दैनिक रुपमा प्रत्यक्ष घरदैलो र भेटघाट गरिरहेका छन् । भेटघाटका क्रममा उनले आफ्नो लागि भोट माग्ने र आफ्ना कुरा मात्र सुनाउने गरेका छैनन्, धैर्यतापूर्वक मतदाताका कुरा सुन्दै उनीहरुका सुझाव समेत ग्रहण गर्ने गरेका छन् ।

उनले आफ्नो क्षेत्रका मतदातासँग पुग्न नसकेका ठाउँमा कार्यकर्तामार्फत् गुनासा, सुझाव सुन्ने र आफ्ना योजना प्रतिबद्धतापत्रमार्फत् राख्ने गरेका छन् । थप सुझाव भए 'टिपोट' मार्फत् आफूलाई बुझाउन कार्यकर्तालाई भनेका छन् ।

चुनावी अभियानमा व्यस्त पाण्डेले भने - ' दाजुभाई दिदिबहिनीहरुका कुरा सुन्ने र हाम्रो स्पष्ट योजना सुनाउने गरेका छौँ । म चुनावी उम्मेदवार मात्र बनेर आएको होइन, जिम्मेवारी निभाउन आएको हुँ । बोलेको कुरा व्यवहारमा लागु गर्न आएको हुँ । त्यसैले जनतालाई ढाट्ने काम मबाट हुँदैन ।'

मतदाता भेटघाटमा व्यस्त रहेका उनले शहरको समस्या, गाउँको समस्या र त्यसको पहिचान एवं विकासलाई अलग - अलग ढंगले योजनामा समेटेको बताए ।

उनी शनिबार आफ्नो क्षेत्रका विभिन्न ठाउँ हुँदै बुटवल उप-महानगरपालिका वडा नं. ११ को तिनाउखोला छेउका सुकुम्बासी बस्तीहरुमा समेत पुगेका छन् । तिनाउ किनार चुनावको समयमा सबैको नजरमा पर्ने र त्यसपछि गुमनाम हुने बस्ती हो ।

चुनावी घरदैलो अभियानमा उक्त बस्तीमा पुगेका विश्वदीपलाई त्यस ठाउँका बासिन्दाले आफ्ना दुःख, गुनासा र आशा समेटेर ७ बूँदे माग समेत बुझाएका छन् । उनीहरुले दानव र तिनाउ नदी नियन्त्रणका साथै तिनाउ करिडोर निर्माणका लागि पहल गर्न माग गरेका छन् ।

सो क्रममा उम्मेदवार पाण्डेले तिनाउ किनारका बासिन्दाको मागलाई गम्भीरतापूर्वक लिदै आफूले समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत तथा व्यवहारिक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने-'सुरक्षित बस्ती, तटबन्ध व्यवस्थापन, क्षति न्यूनीकरण र सम्मानजनक जीवनका लागि आवश्यक पहल अब टार्न मिल्दैन । हामीले तपाईंहरूको आवाजलाई निर्णायक तहसम्म पुऱ्याएर सम्बोधन गर्ने दृढ प्रयास गर्नेछौं ।'

बुटवलको तिनाउ किनारका भूमिहिन सुकुम्बसी र अव्यवस्थित बस्तीका बासिन्दालाई लालपूर्जा र तटबन्धको नाममा सधैँ भोट बैंकको रुपमा प्रयोग गर्ने गरिए पनि समस्याको दिर्घकालिन समाधान हुन सकिरहेको छैन । उक्त वडामा १९ हजारभन्दा बढी मतदाता छन् ।

घरदैलोका क्रममा उम्मेदवार पाण्डेले कृषकसँग पनि संवाद, भेटघाट र अन्तर्क्रिया गर्दै आएका छन् । सैनामैना र तिलोत्तमाका विभिन्न ठाउँमा घरदैलो गर्दा भेटिएका उनले यी ठाउँका खेतियोग्य भूमी संरक्षण गरी कृषकलाई व्यवसायिक बनाउँदै उत्पादनसँग जोड्न आफूले पहल लिने उल्लेख गरे ।

भेटघाटका क्रममा किसानसँग पुगेका उनले व्यवसायिक कृषिका लागि किसानलाई सिँचाइ, मल, बिउबिजन, ट्र्याक्टर र हाते ट्र्याक्टरलगायतका कृषिजन्य सामग्रीलाई राहतमा उपलब्ध गराउन आफूले भूमिका खेल्ने बताए ।

कृषिलाई व्यवसायीकरण गर्न नसक्दा लाखौं कृषकको जीवनस्तरमा सुधार आउन नसकेको जनाउँदै उम्मेदवार पाण्डेले उत्पादनलाई बजारसँग जोड्न राज्यको समन्वयकारी भूमिका हुनुपर्नेमा समेत जोड दिए ।

रुपन्देहीका हरेक उद्योगी, व्यवसायीका साथै किसान, मजदुर एवं सबै पेशा व्यवसायीका आवाज संसदमा पुऱ्याउने गरी आफू चुनावी प्रतिस्पर्धामा आएको उनले बताउने गरेका छन् । 'जनतालाई ढाट्ने र झुक्याउने खेल बन्द गर्नैपर्दछ । अब कुनै पनि प्रलोभनमा लाग्नु हुँदैन । मैले जनतालाई ढाटेर आफ्नो राजनीतिक भविश्य दाउमा राख्नु छैन,' - विश्वदीपले भने - 'अब भाषणले पुग्दैन । काम गरेर देखाउने समय आएको छ । काम गरेरै देखाउने छु ।'

निर्वाचनको मिति नजिकिँदै जाँदा आफ्नो विजयी यात्रा थप मजबुत हुँदै गएको उनले बताए । यस्तो अवस्था घरदैलोको क्रममा जनताले देखाएको माया, सल्लाह र केही सकारात्मक आक्रोशबाट देखिएको उनको जिकिर छ ।

त्यसो त उम्मेदवार पाण्डेलाई विजयी बनाउन नेता कार्यकर्ताहरु दिनहुँ घरदैलोमा खटिरहेका छन् । मतदाता र कार्यकर्ताको सहज सम्पर्कका लागि रुपन्देही क्षेत्र नं. -२ का विभिन्न ठाउँमा प्रचार कार्यालय राखिएको छ ।

शनिबार सैनामैना नगरपालिकाको १ र २ नम्बर वडा एवं बुटवल उप-महानगरपालिकाको वडा नं. - ७ आलेचोकमा प्रचार कार्यालय स्थापना गरिएसँगै घरदैलो जारी रहेको सो पार्टीले जनाएको छ । प्रचार कार्यालयको उद्घाटन गर्दै उम्मेदवार विश्वदीपले जेनजी आन्दोलनको भावना र मर्मलाई अपहरण हुन नदिन तारा चिन्हमा मतदान गर्न सबैमा आह्वान गरे ।

नेकपाका नेता कार्यकर्ता आफ्नो घर टोलका मतदाता समक्ष चुनावी ऐजेण्डा र प्रतिबद्धतापत्रसहित पुगिरहेको पार्टीका केन्द्रीय सदस्य एवं रुपन्देही क्षेत्र नं. २ का निर्वाचन परिचालन समितिका संयोजक नारायण जीसी 'निर्मल'ले बताए ।

उनका अनुसार उम्मेदवारसहितको घरदैलो, भेटघाट र अन्तर्क्रिया अभियान दैनिक दुई चरणमा गरिएको छ भने उम्मेदवार पुग्न नसकेका ठाउँमा कार्यकर्ताले लगातार घरदैलो गरिरहेका छन् । रुपन्देही क्षेत्र नं. २ मा बुटवल उप-महानगरपालिकाका १ देखि १३ नं. सम्मका वडा, तिलोत्तमाका १ देखि ६ नं. सम्मका वडा र सैनामैनाका १ देखि ४ नं. सम्मका वडा पर्दछन् ।

# सिद्धबाबामा महाशिवरात्रि पर्वको तयारी



बुटवल । महाशिवरात्रि पर्वको अवसरमा पाल्पाको तिनाउ गाउँपालिका-३, दोभानस्थित सिद्धबाबा मन्दिरमा लाग्ने महाशिवरात्रि पर्वको सम्पूर्ण तयारी पूरा भएको छ । मन्दिर परिसरलाई आकर्षक रूपमा सजाइएको छ भने भक्तजनलाई सहज र सुरक्षित रूपमा दर्शन गर्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ ।

सिद्धबाबा मन्दिर विकास समितिले शनिबार पत्रकार सम्मेलन गर्दै यस वर्ष दर्शन व्यवस्थापनलाई थप व्यवस्थित बनाइएको जानकारी दिएको हो । समितिका अध्यक्ष सन्तोषकुमार शेरचनका अनुसार भक्तजनको सहजताका लागि गत वर्षझैँ यस वर्ष पनि टोकन प्रणाली लागू गरिएको छ भने निःशुल्क बस सेवासमेत सञ्चालनमा ल्याइएको छ ।

विशेषगरी वृद्धवृद्धा, गर्भवती, अशक्त तथा असहाय व्यक्तिलाई प्राथमिकताका साथ मूल मन्दिरमै पुगेर पूजाअर्चना तथा दर्शन गर्ने व्यवस्था मिलाइएको छ । दैनिक पूजापाठ सम्पन्न भएपछि बिहान ४ बजेदेखि सर्वसाधारणका लागि दर्शन खुला गरिने समितिले जनाएको छ ।

भक्तजनको सुरक्षा र व्यवस्थापनका लागि करिब ५० जना सुरक्षाकर्मी, २०० स्वयंसेवक तथा १८ वटा सिसी क्यामेरामार्फत् निगरानीको व्यवस्था गरिएको छ । साथै सरसफाइ, शौचालय, खानेपानी, पार्किङ्, भण्डारा तथा जुत्ताचप्पल राख्ने स्थानको पनि उचित प्रबन्ध मिलाइएको छ ।

समितिका अनुसार गत वर्ष महाशिवरात्रिमा करिब ४० हजार भक्तजनले दर्शन गरेका थिए भने यस वर्ष ६० हजारभन्दा बढी भक्तजन आउने अनुमान गरिएको छ । प्रचारप्रसार संयोजक अरबिन्द पाण्डेका अनुसार यस वर्ष भक्तजनलाई सिद्धबाबा सुरुङमार्गभित्र लाइन व्यवस्थापन गरिनेछ, जसले गर्दा राजमार्गमा सवारी आवागमन प्रभावित नहुने विश्वास गरिएको छ । विगतमा साढे तीन घण्टासम्म लाइन बस्नुपर्ने अवस्था रहे पनि यस वर्ष साढे दुई घण्टाभित्रै दर्शन गराउने लक्ष्य राखिएको छ ।

पर्व संयोजक तोया लम्सालका अनुसार दर्शनार्थीको सुविधाका लागि दुई वटा निःशुल्क र नौ वटा सःशुल्क बस सेवा सञ्चालन गरिएको छ । यी बसहरू बुटवलका विभिन्न स्थानहरू-योगीकुटी, कालिकानगर, राजमार्ग चौराहा, अस्पताल लाइन, देवीनगर, शान्ति चोक, मिलनचोक, ट्राफिक चोक, गोलपार्क तथा दोभान-झुम्साबाट सञ्चालन हुनेछन् ।

महाशिवरात्रिका अवसरमा शिवपूजन, रुद्राभिषेक, अखण्ड हरिकीर्तनलगायतका धार्मिक कार्यक्रमसमेत आयोजना गरिने समितिले जनाएको छ ।

# ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रका एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ



बुटवल । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६६ जिल्लाका १४२ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ ।

शनिबारसम्म एक करोड ८२ लाख ३० हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिए ।

शुक्रबारसम्म ६३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो भने शनिबार थप तीन जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । अब ११ जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको छ । काठमाडौँ उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुई दिनमा मतपत्र छपाइ सकिने अनुमान गरिएको जनाइएको छ ।

छापिएका जति जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको छ । हालसम्म १६ हजार ४९४ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ ।

प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो ।

कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाइने मतपत्र छपाइ भएको मतपत्र शनिबारदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ ।

आयोगले कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेत १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताए ।

# गाडीबाट हात हल्लाउँदै बालेनको चुनावी प्रचार



भैरहवा । चुनावी प्रचारका क्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र साह रूपन्देही आइपुगेका छन् ।

उनले मतदातालाई भेट गरी गुनासा सुन्ने र योजना सुनाउनेभन्दा हात हल्लाउँदै अभिभावद गर्दै चुनावी प्रचार गरिरहेका छन् ।

उनले गाडीबाट नै हात हल्लाउँदै प्रचार गरिरहेका छन् । उनको यो प्रचारलाई रोड शो नाम दिइएको छ ।

मर्चवारी-६, मर्चवारीदेवी मन्दिर दर्शन गर्न आउने भनेर प्रचार गरिएका राष्ट्रिय स्वतन्त्र पार्टीका वरिस्ठ नेता बालेन शाह मन्दिर परिसर नै प्रवेश नगरी लुम्बिनी गएका छन् ।

मर्चवारको ऐतिहासिक मन्दिरको रूपमा रहेको मर्चवारीदेवी मन्दिरमा पूजा र हवन ग्रनका लागि तयारी भए पनि मन्दिरको ढोकैमा प्रवेश नगरेपछि स्थानीय बासिन्दा आक्रोशित बने ।

उनी मन्दिरको अगाडिबाट आइ पछाडिबाट गाडीमै सरर फर्के । कार्यकर्तालाई समेत छक्याएर उनी त्यहाँबाट सिधैं लुम्बिनीतर्फ लागे ।

गौतमबुद्ध विमानस्थल हुँदै मर्चवारबाट रुपन्देहीको यात्रा सुरु गरेका उनी लुम्बिनी हुँदै कपिलवस्तु गएका हुन् ।

कपिलवस्तुमा पार्टीका सभापतिको पहिलैदेखि भ्रमण भइरहेको थियो ।

रवि जस्तै बालेन साह पनि नरोकिएपछि कपिलवस्तुका घण्टी समर्थकहरु रिसाए । पहिले लामिछानेको र पछि बालेनको कुरा सुन्न बिहानैदेखि कुरेर बसेका रास्वपा कार्यकर्ता तथा घण्टी समर्थकहरू आफूलाई बेवास्ता गरेको थाहा पाएपछि रिसाएका हुन् ।

आज दिनभर ३ जिल्लाका विभिन्न स्थानमा हुने भनिएको कार्यक्रमको बिचबाटै उनीहरु फर्केका छन् । कहीँ नरोकिएर बालेनको गाडी सरासर अघि बढेपछि स्थानीय कार्यकर्ता तथा समर्थकहरु खिन्न भए ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com